स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक प्रकाश सपुत कलाकारिता मै फर्किएका छन्। सपुतले शनिबार सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस लेख्दै आफू कलाकारिता मै फर्किएको जानकारी दिएका हुन्। उनले भनेका छन 'म अब ढुक्कले जनतालाई मनोरञ्जन दिन चाहन्छु। मेरो बाल मष्तिष्कले बोकेको सामाजिक र राजनैतिक चेतको भारी बिसाएर केबल ईन्टरटेनर हुन चाहन्छु। म समाज र राज्यको नजरमा एक समान मान्छे हुन चाहन्छु।'

आजको विचार...



बहुमतको... (दुई पेजमा)

भोजराज पोखरेल



अभिनेत्री आँचल शर्माको मुख्य भूमिका रहेको चलचित्र एक मुठी बादल: माई सेयर अफ स्काईको टिजर सार्वजनिक गरिएको छ। चलचित्रकी लेखक तथा निर्देशक सहारा शर्माका अनुसार, उक्त कविता आफ्ना हजुरआमाको सम्झनामा आधारित रहेको छ, जुन सम्पादनका क्रममा पुन:स्मृतिमा फर्किएपछि चलचित्रको महत्वपूर्ण अंग बनेको हो। आँचलले चलचित्र आफ्नो जीवनसँग नजिक भएको बताउँदै यसलाई विशेष अनुभवका रुपमा लिएकी छन्।

❐ वर्ष ३१ ❐ अंक २३३ ❐ २०८२ चैत ८ गते आइतबार 22 March 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# नवलपुरमा साझेदारी वनद्वारा जैविक मल उत्पादन सुरु

रासस

**त्रिवेणी (नवलपरासी),** चैत ७/ नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यविन्दु साझेदारी वन उपभोक्ता समूहले जैविक मल उत्पादन सुरु गरेको छ । गण्डकी प्रदेशकै एकमात्र साझेदारी वनका रूपमा परिचित उक्त वन कावासोती नगरपालिका-१४ मा अवस्थित रहेको छ । वन क्षेत्रमा उपयोगविहीन रूपमा खेर गइरहेका झाडी तथा पातपतिङ्गरलाई व्यवस्थापन गर्दै त्यसबाट जैविक मल उत्पादन थालिएको हो ।

वनमा रहेका झाडी, पातपतिङ्गर तथा अन्य जैविक पदार्थ सङ्कलन गरी त्यसको प्रयोगबाट मल उत्पादन गरिएको मध्यविन्दु साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष भगवान खनालले जानकारी दिए । उनका अनुसार यस अभियानले वन व्यवस्थापनलाई व्यवस्थित बनाउनेमात्र नभई डढेलो नियन्त्रणमा समेत महत्त्वपूर्ण योगदान पुर्याउने अपेक्षा



गरिएको छ । विशेषगरी गर्मीयाममा हुने डढेलो न्यूनीकरणमा यस्तो कार्यक्रम प्रभावकारी हुने विश्वास गरिएको छ । अध्यक्ष खनालले भने, "वनमा खेर गइरहेका झाडीको सदुपयोग हुने, डढेलोको जोखिम घट्ने र कृषिमा रासायनिक मलको प्रयोगलाई प्रतिस्थापन गर्दै उत्पादन वृद्धि गर्न सहयोग पुग्ने विश्वासका साथ यो योजना सुरु गरिएको हो ।" अध्यक्ष खनालका अनुसार यसले वातावरण संरक्षणसँगै दिगो कृषिमा समेत टेवा पुर्याउनेछ । साथै, स्थानीय किसानलाई सस्तो तथा गुणस्तरीय मल उपलब्ध गराउने लक्ष्य पनि राखिएको छ । रासायनिक मलको बढ्दो प्रयोगले माटोको गुणस्तर ह्रास हुँदै गएको अवस्थामा वनले उत्पादन गरेको जैविक मलले दिगो रूपमा कृषि उत्पादन वृद्धिका लागि सहयोग पुग्ने विश्वास रहेको अध्यक्ष खनालले बताए । वनबाट सङ्कलन गरिएका झाडीलाई मसिनो गरी काटी त्यसमा गाईभैंसीको गोबर, खरानी, रातो माटोलगायत आवश्यक तत्व मिसाएर प्राविधिकको निगरानीमा मल तयार पारिने गरिएको छ । मध्यविन्दु जैविक मल उत्पादन कार्यक्रमका संयोजक धनेश्वर कुँवरले मल उत्पादन प्रक्रिया वैज्ञानिक ढङ्गले अगाडि बढाइएको बताए । उनका अनुसार मलको गुणस्तर कायम राख्न नियमित परीक्षण र अनुगमनसमेत गरिनेछ । साझेदारी वनको स्वरोजगार कार्यक्रमअन्तर्गत आवश्यक जनशक्ति वन उपभोक्ताबाटै व्यवस्थापन गरिएको छ । यस कार्यक्रममार्फत झाडी सङ्कलनदेखि मल प्रशोधन र तयारीसम्मको सम्पूर्ण प्रक्रियामा स्थानीय उपभोक्तालाई रोजगारी उपलब्ध गराइएको संयोजक कुँवरले बताए । यसले ग्रामीण क्षेत्रमा आयआर्जनको अवसर बढाउने अपेक्षा गरिएको छ । हाल पहिलो चरणमा मल उत्पादन प्रक्रिया जारी रहेको छ । करिब एक सय दिनमा मल तयार हुने र त्यसपछि लागत विश्लेषण गरी उचित मूल्य निर्धारण गरेर बिक्रीवितरण गरिने योजना रहेको संयोजक कुँवरले बताए । आगामी दिनमा उत्पादन विस्तार गरी अन्य स्थानमा पनि आपूर्ति गर्ने तयारी गरिएको छ । यस पहलले वन संरक्षण, वातावरणीय सन्तुलन, रोजगारी सृजना तथा कृषि उत्पादन वृद्धिमा बहुआयामिक लाभ पुर्याउने विश्वास गरिएको मध्यविन्दु साझेदारी वनका अध्यक्ष खनालले बताए । सरकारी तह तथा सरोकारवाला निकायले समेत यस्ता कार्यक्रमलाई प्रोत्साहन गरेमा दिगो विकासमा महत्त्वपूर्ण योगदान पुग्ने अध्यक्ष खनालल बताए ।

## संक्षिप्त समाचार

### कारखानामा भीषण आगलागी १० को मृत्यु

(रासस/सिन्ह्वा)

**डेइजोन,** चैत ७/दक्षिण कोरिया को डेइजोन मा रहेको एक अटो पार्ट्स उत्पादन गर्ने कारखानामा शुक्रबार भएको भीषण आगलागीमा कम्तीमा १० जनाको ज्यान गएको छ भने ५९ जना घाइते भएका छन् । साथै चार जना अझै बेपत्ता रहेको अधिकारीहरूले बताएका छन् । स्थानीय समयअनुसार दिउँसो करिब १:१७ बजे आगलागी हुँदा कारखानाभित्र झण्डै १ सय ७० जना कामदार कार्यरत थिए । अचानक लागेको आगो तीव्र गतिमा फैलिँदा धेरकामदारहरू भवनभित्रै फसेका थिए । अग्नि नियन्त्रण अधिकारीहरूका अनुसार पहिलो पीडित दोस्रो तलामा फदयघातको अवस्थामा फेला परेका थिए, जसलाई अस्पताल लैजाँदै गर्दा मृत घोषणा गरिएको थियो । त्यसपछि अन्य नौ जनाको शव तेस्रो तलामा भेटिएको पुष्टि गरिएको छ, जसले आगोको प्रभाव माथिल्लो तलासम्म पुगेको सङ्केत गर्दछ । आगो नियन्त्रणमा लिन दमकल टोलीले लामो समय संघर्ष गर्नुपरेको थियो । प्रारम्भिक चरणमा धुवाँ र उच्च तापक्रमका कारण उद्धार कार्यमा कठिनाइ भएको थियो । पछि संरचना सुरक्षित रहेको प्राविधिक टोलीले पुष्टि गरेपछि मात्र राति ढिलो गरी उद्धारकर्मीहरू भवनभित्र प्रवेश गर्न सकेका थिए । हाल उद्धार टोलीले बेपत्ता चार जनाको खोजी कार्य तीव्र पारेको छ ।

# रेसुङ्गा गौशाला क्षेत्रमा एकजना मृत फेला



**रेसुङ्गा (गुल्मी),** चैत ७/गुल्मीको रेसुङ्गा गौशाला क्षेत्रमा एक जना व्यक्ति मृत फेला परेका छन् । रेसुङ्गा नगरपालिका -३ भाडगाउँका ७५ बर्षिय ज्ञानेश्वर पाण्डे मृत फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।


पाण्डे गौशालामा बस्दै आएका थिए । दिउँसो २ बजे गर्जुराबाट गौशाला जाने क्रममा सडकदेखि १०-१५ मिटर तल लडेको अवस्थामा उनको शब फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए ।

घटनाको थप अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी निरीक्षक सुदिप नेपाली सहितको प्रहरी टोली घटनास्थल गएको सारुले बताए ।

# झोलुङ्गे पुल निर्माणले स्थानीयलाई सहज

**रेसुङ्गा (गुल्मी),** चैत ७/पानी परेपछि उर्लिएर आउने छल्दी खोला तर्न स्थानीयलाई ठूलो सकस थियो । उब्जनी हुने छल्दीको ठुलो फाँटमा आउन टारीका स्थानीयलाई बर्खामा खोला पस्नुपर्ने बाध्यता थियो ।

पालुखा माविको टारीतिरका बिद्यार्थीलाई नजिकै पुल नहुँदा लामो बाटो भएर बिद्यालय पुग्ने वा खोलामै जोखिम मोलेर पस्ने भन्ने दुई बिकल्प मात्र थिए । अहिले इस्मा गाउँपालिका -२ अन्तर्गत छल्दी टारी र पालुखा जोड्न झोलुङ्गे पुल निर्माण भएको छ । स्थानीय बासिन्दा तथा विद्यार्थीको आवत-जावत सहज बनाउने उद्देश्यले सडक पूर्वाधार विकास कार्यालय तम्घासमार्फत निर्माण गरिएको १४६ मिटर लामो झोलुङ्गे पुल निर्माण गरिएको हो । आस्था सम्झना जेभी, अर्घाखाँचीले एक करोड ७१ लाख ८४ हजार ४६० रुपियाँमा पुल निर्माणको जिम्मा पाएको छ । आगामी भदौ ३ गते काम पूरा गर्ने गरेर निर्माण व्यवसायीले २०८२ भदौ ३ गते



सम्झौता गरेको थियो । सम्झौताअनुसार पाँच महिना अगाडि नै काम सकिएपछि स्थानीय खुसी भएका छन् । वर्षा याममा खोलामा पानीको बहाव बढ्दा स्थानीय बासिन्दा, विशेषगरी विद्यार्थी, बालबालिका, वृद्धवृद्धा तथा बिरामीलाई आवत-जावतमा जोखिम मोल्नुपर्ने अवस्था थियो । पुल नहुँदा कतिपय अवस्थामा विद्यार्थीहरू विद्यालय जानबाट वञ्चित हुने समस्या हटेर गएको इस्मा गाउँपालिका -२ का स्थानीय रामप्रसाद घिमिरेले बताए । हालै निर्माण भएको पसल पालुखा माविको गेटमै छ । जसको कारण बिद्यालयका बिद्यार्थी र शिक्षकहरु सबैभन्दा बढी खुसी छन् । ठुलो बर्षा भएको बेला बिद्यार्थी र शिक्षक बिद्यालय आउन लामो समयदेखि पाइराखेको सास्ती हटेको पालुखा माविका प्रध्यानाध्यापक बाबुराम खत्रीले बताए । उनका अनुसार हस्चिौरको सिर्पु, राले, टारी, हुलाके, घर्तिफाँट, गुरुवा लगायतका गाउँका बिद्यार्थीहरु पुलबाट लाभाम्बित हुनेछन् । अहिले पालुखा माविमा ३५१ बिद्यार्थी रहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व जल दिवसः संरक्षण र जिम्मेवारीको नयाँ संकल्प

**हरेक वर्ष मार्च २२ मा मनाइने विश्व जल दिवसले मानव जीवन र विकासमा पानीको अपरिहार्य महत्वलाई स्मरण गराउँछ । पानी केवल प्राकृतिक स्रोत मात्र होइन, जीवनको आधार हो । तर विडम्बना, विश्वका धेरै स्थानहरूमा अझै पनि स्वच्छ पिउने पानीको पहुँच सीमित छ । नेपालजस्तो जलस्रोतले सम्पन्न देशमा समेत पानी व्यवस्थापनको कमजोरीले गर्दा समस्या झन् गम्भीर बन्दै गएको छ ।**

**हिमाल, नदी र मुहानहरूले भरिपूर्ण हाम्रो देशमा पानी अभाव हुनु व्यवस्थापनको कमजोरीकै परिणाम हो । सहरी क्षेत्रमा खानेपानीको अभाव नियमित समस्या बनेको छ भने ग्रामीण क्षेत्रमा स्रोत संरक्षणको कमी देखिन्छ। जलवायु परिवर्तनले हिमनदी पग्लने, वर्षा चक्र असन्तुलित हुने जस्ता चुनौती थपेको छ, जसले दीर्घकालीन पानी संकटको संकेत गर्छ।**

**यस सन्दर्भमा, विश्व जल दिवस केवल औपचारिकता होइन, आत्मसमीक्षा गर्ने अवसर हो । पानीको दिगो उपयोग र संरक्षणका लागि राज्य, समुदाय र व्यक्तिको संयुक्त प्रयास आवश्यक छ। सरकारका योजनाहरू कागजमा सीमित नभई व्यवहारमा कार्यान्वयन हुनुपर्छ। वर्षा पानी संकलन, मुहान संरक्षण, नदी सफाइ जस्ता कार्यलाई प्राथमिकता दिनुपर्छ । व्यक्तिगत स्तरमा पनि पानीको सदुपयोग अपरिहार्य छ । दैनिक जीवनमा पानी खेर नफाल्ने, स्रोतको संरक्षणमा सचेत हुने बानी विकास गर्नुपर्छ। विद्यालय तहदेखि नै पानी संरक्षणबारे शिक्षा दिनु आजको आवश्यकता हो । नेपालमा जलविद्युत् विकासको ठूलो सम्भावना छ, तर त्यससँगै पानीको समुचित व्यवस्थापन आवश्यक छ । विकास र संरक्षणबीच सन्तुलन कायम गर्न नसकिए, दीर्घकालीन असर गम्भीर हुन सक्छ ।**

**अन्ततः, पानी भविष्यको सम्भावना मात्र होइन, चुनौती पनि हो । आजैदेखि सचेत नहुने हो भने भोलि पानीका लागि संघर्ष गर्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले, विश्व जल दिवसले दिएको सन्देशलाई व्यवहारमा उतार्दै, पानीको संरक्षणलाई साझा जिम्मेवारीका रूपमा ग्रहण गर्नु आजको अपरिहार्यता हो ।**

### Opinion @ Social Network


भगवान चित्रमा होइन चरित्रमा बस्नुहुन्छ
त्यसैले आफ्नो आत्मालाई मन्दिर बनाउनुहोस्।
*(सागर हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बहुमतको शक्ति कसरी सम्हाल्ने ?



भोजराज पोखरेल

**जेनजी आन्दोलन र सन्देश**

२३ र २४ भदौको जेनजी आन्दोलन रातारात वा अकस्मात् उब्जेको होइन । दशकौंदेखि बढ्दै आएको दण्डहीनता, भ्रष्टाचार, गैरजिम्मेवारी र उत्तरदायित्व विहीनता जस्ता गलत शासकीय कमजोरीले आमनागरिक निराश, हतास र उदास बन्दै गएका थिए । नैराश्यको सागर जेनजी प्रदर्शनको माध्यमबाट विस्फोट भएको हो । आम नागरिकले गर्न नहुने काम नगर, जनताको काम सजिलैसँग बिनाझन्झट गरिदेऊ, घुस नखाइदेऊ, पारदर्शी र जवाफदेही बन, आफ्नालाई मात्र नहेर, सबैलाई समान व्यवहार गर भनेका थिए । देशको गति र अवस्था बुझ्नेलाई नेतृत्वको मौका देऊ, सत्ता र शक्तिका लागि हुने गरेका घिनलाग्दा म्युजिकल चेयरको परम्परा अन्त्य गरिदेऊ, आमनागरिकले प्रश्न उठाउने अधिकार कुण्ठित नगरिदेऊ भन्ने पनि नागरिकका माग थिए । तर, वाक् स्वतन्त्रता नै कुण्ठित हुने गरी सोसल मिडिया बन्द गर्दै सरकार उल्टो गतिमा अघि बढ्यो । अहंकार, अभिमान र दम्भमा चुर्लुम्म डुबेको सत्ताले न राज्यका अंगहरूको रिपोर्टिङ सुन्यो, न सञ्चारमाध्यमहरूको खबरदारी पढ्यो, न नागरिक समाजको आवाज नै बुझ्न चाह्यो । प्रश्न उठाउने युवाको आवाज सुनेर सुधारको बाटोमा लाग्नुभन्दा तिनको मुख बन्द गरेर नियन्त्रण गर्न सकिन्छ भन्ने गलत सोच सरकारले पाल्यो ।

सामाजिक सञ्जाल बन्द हुँदा त्यसले आगोको झिल्कोको काम गर्‍यो । जनआक्रोश विस्फोट भयो । अधिकारको खोजीमा हिँडेका धेरै नागरिक जीवन उत्सर्ग गर्न पुगे । देशले अमूल्य भौतिक, सांस्कृतिक संरचना गुमाउनुपर्‍यो । तर, अर्को पाटो भनेको यो आन्दोलनले देशलाई रूपान्तरणको बाटोमा हिँड्न बाध्य गरायो । प्रजातान्त्रिक यात्राको ७५ वर्षको इतिहासमा प्रत्येक १०-१० वर्षजस्तोमा राजनीतिक परिवर्तन अघि वा पछि धकेलिएको अवस्था छ । परिवर्तनपछिको नेतृत्वले जनचाहना अनुसार काम गर्न नसक्दा सत्तामा पुर्‍याउने त्यही मानवसागर फेरि अर्को परिवर्तनको बाटोमा लाग्ने सिलसिला अहिलेसम्म चलिरहेको देखिन्छ । यो क्रमभंग कहिले र कसरी हुने हो ? थाहा छैन । विगतका ती आन्दोलनले सत्ता मात्र होइन, राजनीतिक प्रणाली र निर्वाचन प्रणालीमा पनि परिवर्तन गरे । तर, यो आन्दोलनको एउटा प्रमुख राजनीतिक महत्व के रह्यो भने यसले न त प्रणाली परिवर्तन वा निर्वाचन प्रणाली परिवर्तनको माग राख्यो । बरु भइरहेकै प्रणालीले निकास दिन सक्छ, प्रणाली खराब हैन, पात्र र तिनको प्रवृत्ति देशका लागि प्रमुख बाधक रहेको निष्कर्ष दियो । यो आन्दोलनले २४ घण्टामै सत्ता परिवर्तन गरेर संसारलाई चकित बनायो । तोकिएकै सीमित समयभित्रै नेपालले आफ्ना मुद्दा निर्वाचनका माध्यमबाट टुंगो लगाउन सक्छ भन्ने सन्देश पनि यसले दिन सक्यो । हिजोसम्म दलहरूले हतियारका रूपमा प्रयोग गर्दै आएको युवाशक्ति आफैं जुर्मुरायो । फोहोर सफा गर्न आफैं नदीमा हामफाल्नुपर्छ भन्ने आत्मबोध गरायो । यसले अन्य दलहरूमा पनि सुधारको दबाब बढ्यो । नेपाली कांग्रेसमा त आफैंले विद्रोह गरेरै वैधानिक बाटोबाट युवाले नेतृत्वसमेत लिए । 'बदल्यौं कांग्रेस, बदल्छौं देश' भन्ने नारासाथ चुनावमा होमिए । देशभित्रै र विश्वभर छरिएर रहेको युवापंक्ति यो परिवर्तनको वाहक मात्र बनेन, महत्त्वपूर्ण राजकीय मुद्दादेखि निर्वाचनका सबै पाटोमा आफूलाई समाहित गर्‍यो । हिजो 'आई हेट पोलिटिक्स' भन्छन् भनिने सहरिया वा ग्रामीण नवयुवा 'आई लभ पोलिटिक्स' भन्दै आफ्नो गच्छेअनुसार सडक, छलफल, बहस, मतदानमा भाग लिए । उम्मेदवारी नै दिए र जिते पनि ।

**आन्दोलनदेखि निर्वाचनसम्म**

आन्दोलनको जगमा हालै सफलतापूर्वक सम्पन्न प्रतिनिधिसभाको निर्वाचनले रूपान्तरणको त्यो बाटोलाई संस्थागत गर्ने औपचारिक मान्यता दियो । जेनजी आन्दोलनको मागअनुसार संसद् विघटनदेखि उनीहरुकै रोजाइमा डिस्कोर्डमा छलफल गर्दै सरकार बन्यो । सरकार बनेको केही महिनासम्म देशभित्र अन्योल, जटिलताको भुमरी यथावत् नै थियो । चुनाव हुने/नहुने, भाग लिने/नलिने, शान्ति सुरक्षा कसरी व्यवस्था हुन सक्ला जस्ता अनेक जटिलता आए । अन्ततः सबै पात्रको प्रयासबाट राजनीतिक सुझबुझको वातावरण बन्यो, देश निर्वाचनमा गयो । यो छोटो अवधिमा निर्वाचन सम्पन्न गर्न जटिल थियो । तर, राष्ट्रको अठोट भएपछि सम्भव छ भन्ने कुरा नेपालले समयमै सफलतापूर्वक निर्वाचन सम्पन्न गराएर अर्को असल अभ्यासको सन्देश विश्वसामु दिन सक्यो । यो निर्वाचनमा पुराना सबै दलले मात्र होइन, जेनजीलगायत कतिपय नयाँ दल खोलेर सहभागी बने । राजनीतिक दलले उम्मेदवारीमा युवालाई प्राथमिकता दिने र जेनजीको मागका कुरालाई आ-आफ्ना घोषणापत्रमा समावेश गरेर त्यसप्रति सम्मान गरे । यो कुरा महत्त्वपूर्ण छ । यो निर्वाचनमा प्रचारप्रसार शैलीमा आमूल रूपान्तरण आयो । परम्परागत निर्वाचन अभियानलाई आईटी, एआई, सोसल मिडिया र एल्गोरिदमले प्रतिस्थापन गरे । लामा-लामा लेख, वार्ता, भाषण र घोषणापत्र हैन रिल्स, सर्ट्स, टिकटकबाट सूचित भएको बताउने मतदाता धेरै थिए । निर्वाचन अभियानका क्रममा हिंसात्मक घटना न्यूनसरह रहे । निर्वाचनले प्रौढता लिँदै गरेको पनि पाइयो । अधिकांश युवाको रोजाइ बालेन शाह समावेश भएको राष्ट्रिय स्वतन्त्र पार्टी पर्‍यो । जेनजी आन्दोलनमा अगुवाइ गरेका धेरै युवाले सडक बलियो बनाउने भन्दै प्रतिपक्षमा रहने बताए । उनीहरू सुशासन, उत्तरदायित्व खोज्दै खबरदारी गरिरहेको देखिन्छ । अहिले पनि छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गर र सुर्खेतकी इनिशा विक बलात्कार र हत्यामा कारबाही गर भन्दै उनीहरू आन्दोलनमा छन् । दलहरूका संगठनभन्दा 'नेतृत्व र उसको विश्वसनीयता' मतदाताको प्राथमिकतामा परे । युवालगायत अत्यधिक मतदाताको जवाफ हुन्थ्यो, 'यसपालि चेन्ज । मेरो भोट परिवर्तन ।' कुनै राजनीतिक वाद, सिद्धान्त र आस्थाभन्दा परफर्मेन्स मुख्य मुद्दा हुने कुरा स्थापित गर्‍यो । परम्परागत दलले जनताका प्रमुख मुद्दाभन्दा आफ्ना कुरालाई एल्गोरिदममार्फत प्राथमिकता दिएको सन्देशले आमनागरिकलाई झकझकायो । अन्ततः यसले संस्थापनविरोधी लहर पैदा गर्‍यो र पुराना दललाई आफ्नो अस्तित्व जोगाउन धौ-धौ हुने अवस्थामा पुर्‍यायो । पुराना दलहरूलाई सक्किएका छैनौं, सच्चिएर आऊ भन्ने सन्देश दियो । सबैभन्दा महत्त्वपूर्ण कुरा विगतका आन्दोलनले राजनीतिक प्रणाली वा निर्वाचन प्रणाली परिवर्तन गरेका थिए तर यो पटक प्रणाली परिवर्तन हैन यसैबाट जान सकिन्छ भन्ने सन्देश दियो । जेनजी आन्दोलनले 'मतदानको संस्कार'लाई बदल्यो । साथै युवालाई राजनीतिक सहभागितामा आकर्षण गर्न सक्यो । राज्यको बहुआयामिक रूपान्तरणको ढोका खोल्यो । हाम्रा राजनीतिक दलहरूमा एउटा महत्त्वपूर्ण गुण छ । दलहरूबीच मनमुटाव भई वा सडकमै मारामार भइरहेको अवस्थामा पनि तुरुन्तै टेबलको वरिपरि बसेर समस्याको निकास निकाल्न सक्छन् । आपसमा शत्रुताको होइन, प्रतिस्पर्धीको व्यवहार गरिन्छ । यी गुण हाम्रोजस्तै परिवेशका कतिपय देशमा देखिन्न । यो निर्वाचन परिणामले केही महत्वपूर्ण सन्देश दिएको छ । जस्तो- मिश्रित निर्वाचन प्रणालीले बहुमत दिन्न भन्ने भ्रम चिरेको छ । नेपाली नागरिक आफ्नो मतमार्फत देश रूपान्तरणको पक्षमा उभिएका छन् । नागरिकले सत्तामा पुर्‍याउने मात्र होइन कि, सत्तामा पुगेर सत्ता र शक्तिको दुरुपयोग गर्नेलाई कठोर सजाय दिन सक्छन् भन्ने कुराको पुनः पुष्टि गरेको छ । निर्वाचनमा जाने दलहरूको नेतृत्वमाथि मतदाताले भरोसा र विश्वास गरे भने उसको नीति, कार्यक्रम, सिद्धान्त, घोषणापत्र वा उम्मेदवार के कस्तो छ, त्यसलाई वास्ता नगर्ने रहेछन्, नेतृत्वलाई हेरेर मत दिने रहेछन् । यो निर्वाचनले अर्को एउटा मापक पनि बसाल्यो- मतदानमा जानुअगावै दलहरूले निर्वाचनपछिको भावी प्रधानमन्त्री को हुने सोको अग्रिम घोषणा गर्ने विषय । यसको अर्को महत्त्वपूर्ण पाटो भनेको पुनः शक्तिमा रहिरहन चाहने वा फर्कन चाहने कतिपय परम्परागत शक्तिलाई निराश बनायो, किनारामा धकेल्यो । अब बन्ने सरकारका लागि के छन् अवसर ? वर्षौंदेखि देशमा जमेर बसेको कुशासनलाई सफा गरेर 'सुशासनको सुपर हाइवे' बनाउने अबको सरकारका अगाडि ठूलो अवसर रहेको छ । हाइवे बन्यो भने त्यो बाहिर गएर हिँड्न खोज्नेको चाहना रोकिने छ । आफ्ना काम कुरा र व्यवहारबाट समाजमा व्याप्त निराशालाई आशामा बदलेर राष्ट्रनिर्माणको गतिलाई तीव्रता दिने मौका आएको छ । सरकार बनाउने दलले पाएको अत्यधिक बहुमतले संविधान संशोधनबाहेकका राज्य व्यवस्थाका अरू निर्णय आफ्नै बहुमतले गर्ने हैसियत राख्नेछ । सुशासन र सेवाप्रवाहमा अवरोधका रूपमा देखिएका विद्यमान कानुन, नीति, संरचना, प्रक्रिया र प्रणाली मात्र होइन नियुक्तिलाई सकारात्मक रूपमा रूपान्तरण गर्न आफ्नै बलबुताले सक्नेछ । संसद्मा पर्याप्त बहुमत भएकाले सरकार बनाउन, टिकाउन वा कुनै नीति बनाउन गलत किसिमको सम्झौता गर्न नपर्ने अवस्थाले आफूले चाहेको सकारात्मक काम अगाडि बढाउन सक्ने छ । खास गरी सर्भिस डेलिभरीलाई प्रविधिसँग जोडेर आमनागरिकले भोग्दै आएका अनेकौं कठिनाइ, झन्झटबाट मुक्त गरी सहज बनाउने ठूलो अवसर छ । स्थिर सरकारले दिने नीतिगत निरन्तरताले साधन र स्रोत जुटाउन तथा लगानीमैत्री वातावरण बनाउन सहयोगी भूमिका खेल्नेछ । एक कविले लेखेका छन्, 'मैले नहारेको भए तिमी कसरी विजेता हुन्थ्यौ ?' वास्तवमा यो अवसर र चुनौती बुझ्ने सुन्दर पंक्ति हो । जति ठूलो बहुमत त्यति नै ठूला चुनौतीका पहाड छन् । चुनौती चिरेर विजेता बन्ने मौका छ । राष्ट्रिय सभामा बहुमत नहुँदा र सभाले असहयोग गरेमा केही अप्ठेरो पर्ला वा कानुन पास गर्न केही समय लाग्ला । तर, सकारात्मक कुरामा आफूहरू बाधक नभएको सन्देश दिन राष्ट्रिय सभामा बहुमत भएका दलहरू पछि नपर्लान् भन्ने मेरो विश्वास छ ।

हाम्रो राजनीतिक संस्कार जटिल र संवेदनशील छ । घरभित्रै वा बाहिर त्यसको व्यवस्थापन त्यति सहज नहुन पनि सक्छ । जनताको उर्लिंदो चाहना र राज्यको साधन, स्रोत, क्षमता र मानसिकताबीचको ठूलो खाडल छ । यसको प्राथमिकीकरण र व्यवस्थापन त्यति सहज नहुन सक्छ । बहुमतको सरकारले कतिपय अवस्थामा सन्तुलन र नियन्त्रणका लागि बनाइएका संस्थालाई कमजोर बनाएर सत्ता कब्जा गर्ने प्रवृत्ति देखिन्छ, अबको सरकार त्यस दिशाबाट टाढै रहन सकोस् । ाज्यका विद्यमान अंग र दलीयकरणले थिलथिलो बनेका राज्य संरचनाले के कुन हदसम्म साथ र भर दिने हुन् ? उनीहरूमा रूपान्तरणको क्रम कति छिटो हुन सक्ला ? भनाइ नै छ 'शक्तिले भ्रष्ट बनाउँछ र अत्यधिक शक्तिले झन् धेरै भ्रष्ट बनाउँछ ।' यसबाट कुन हदसम्म आफूलाई बचाउन सक्छ, त्यसले ठूलो महत्व राख्नेछ । सरकारले 'विनर टेक्स अल' (सबै जित्नेले नै लिने) को बाटो लिने वा सबैलाई समेटेर सहमतिको बाटोमा जाने विकल्प कुन लिने ? असल राजनीतिक संस्कार बनिनसकेको र दलहरू संस्थागत भइनसकेको हाम्रो जस्तो अवस्थामा अत्यधिक बहुमतको व्यवस्थापन निकै चुनौतीपूर्ण हुन सक्छ ।

***-अनलाइन खबर डटकम***

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : अध्ययनमा ध्यान केन्द्रित नहोला। अरुको लागि श्रम वा बुद्धि खर्च गर्नुपर्ला। | **तुला** : खर्चमा नियन्त्रण राख्नुहोस। आफन्तहरूको साथले मनमा विश्वास रहनेछ। |
| **वृष** : समाजमा लोकप्रियता बढाउने छ। व्यापार व्यवसायमा राम्रो लाभ कमाइनेछ। | **वृश्चिक** : सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। योजनाहरू पूरा हुनेछन्। |
| **मिथुन** : वैदेशिक यात्राको प्रक्रिया अघि बढ्नेछ। उपहार प्राप्त हुने सम्भावना छ। | **धनु** : मामलाहरूमा सफलता मिल्नेछ। निर्धारित लक्ष्य समयमा पूरा गर्न सकिनेछ। |
| **कर्कट** : आर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। उत्साहवर्धक र रमाइलो रहनेछ। | **मकर** : सामाजिक कार्यमा सहभागिता बढ्नेछ।क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| **सिंह** : व्यवसायमा समयमा काम पूरा नहुनाले अपयशको सामना गर्नुपर्ला। | **कुम्भ** : भोजनको आनन्द मिल्ला। लेखन वा साहित्य कलामा निखार आउनेछ। |
| **कन्या** : अनुकूल परिणाम आउनेछ। जीवनसाथीको कुरालाई महत्व दिनुहोस्। | **मीन** : नयाँ योजनाहरू बन्नेछन्। पहिला लिएका निर्णयहरूले लाभ दिनेछ। |

## कृषि

# कुखुरापालनमा फड्को: वार्षिक ८७ अर्बको कारोबार

नेपालको कृषि क्षेत्रमा कुखुरापालन व्यवसायले पछिल्लो दशकमा एउटा ठुलो आर्थिक क्रान्तिको स्वरूप लिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले शुक्रबार सार्वजनिक गरेको 'नेपाल व्यावसायिक कुखुरापालन सर्वेक्षण २०८१/८२' को पछिल्लो प्रतिवेदनले नेपालको कुखुरापालन व्यवसाय परम्परागत निर्वाहमुखी प्रणालीबाट पूर्णत: व्यावसायिकतातर्फ रुपान्तरण भएको तथ्यलाई उजागर गरेको हो । प्रतिवेदनअनुसार नेपालका ७७ मध्ये ७५ जिल्लामा व्यावसायिक कुखुरापालन विस्तार भएको छ भने यस क्षेत्रले वार्षिक ८६ अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष आर्थिक कारोबार गर्दै हजारौँलाई रोजगारी प्रदान गरेको छ । हिमालदेखि तराईसम्म फैलिएको यो व्यवसायले मुलुकलाई मासु र अण्डामा आत्मनिर्भर बनाउन मात्र होइन, शिक्षित युवा र महिलाहरूलाई उद्यमशीलतामा जोड्न समेत महत्त्वपूर्ण भूमिका खेलेको देखिएको छ ।



**७५ जिल्लामा विस्तार : कहाँ पुग्यो कुखुरापालन ?**

नेपालका विकट हिमाली जिल्लाहरू मनाङ र मुस्ताङ बाहेक अन्य सबै ७५ जिल्लाहरूमा व्यावसायिक रूपमा कुखुरापालन भइरहेको सर्वेक्षणले देखाएको छ । हाल देशभर २२ हजार ९ सय २८ वटा व्यावसायिक कुखुरा फर्महरू सञ्चालनमा रहेका छन् । सर्वेक्षणले नेपालको ग्रामीण र अर्धसहरी अर्थतन्त्रमा कुखुरापालनको गहिरो प्रभावलाई पुष्टि गर्ने जनाएको छ । भौगोलिक अवस्थितिका आधारमा बागमती प्रदेश कुखुरापालनको 'हब' बनेको छ । देशभरका कुल फर्महरूमध्ये ३४.४ प्रतिशत अर्थात् ७ हजार ८ सय ९२ वटा फर्महरू बागमती प्रदेशमा मात्रै छन् । काठमाडौँ उपत्यका र आसपासका जिल्लाहरूमा रहेको उच्च माग र बजारको सहज पहुँचका कारण बागमती प्रदेश यस क्षेत्रमा अग्रणी देखिएको सर्वेक्षणले देखाएको छ । यद्यपि तथ्याङ्कले अर्को एउटा रोचक पक्ष पनि बाहिर ल्याएको छ सुदूरपश्चिम प्रदेशमा देखिएको उत्साहजनक वृद्धि । २०७२ को तुलनामा २०८२ सम्म आइपुग्दा सुदूरपश्चिममा कुखुरा फर्महरूको सङ्ख्यामा ६१.८ प्रतिशतले वृद्धि भएको छ । हाल त्यहाँ १ हजार ८ सय १ वटा फर्महरू सञ्चालनमा छन् ।

**६० अर्बको मासु र १५ अर्बको अण्डा**

नेपालको कुखुरापालन क्षेत्रले गर्ने आर्थिक योगदान राष्ट्रिय अर्थतन्त्रका लागि निकै महत्त्वपूर्ण देखिएको छ । सर्वेक्षण प्रतिवेदन अनुसार गत एक वर्षमा मात्र नेपालमा ६० अर्ब ९६ करोड २८ लाख ७६ हजार ३१६ रुपैयाँ बराबरको कुखुराको मासु बिक्री भएको छ । यो तथ्याङ्कले नेपालीको भान्सामा कुखुराको मासुको बढ्दो खपत र यसको मागलाई स्पष्ट पार्छ । मासुका अतिरिक्त अण्डा उत्पादनबाट पनि ठुलो आम्दानी भइरहेको छ । अण्डा बिक्रीबाट वार्षिक १४ अर्ब ८२ करोड रुपैयाँ बराबरको कारोबार भएको छ । यस्तै चल्ला बिक्रीबाट १० अर्ब २२ करोड रुपैयाँको कारोबार भएको सर्वेक्षणले देखाएको छ । मासु अण्डा र चल्ला मात्र होइन, कुखुराको मल (सुली) को बिक्रीबाट समेत किसानहरूले वार्षिक १ अर्ब ९३ लाख ४१ हजार रुपैयाँ आम्दानी गर्ने गरेका छन् । यसरी हेर्दा नेपालको कुखुरापालन क्षेत्रले वार्षिक झण्डै ८७ अर्ब रुपैयाँको आर्थिक चक्र निर्माण गरेको देखिन्छ । रोजगारीको बलियो आधार ६३ हजार परिवारको जीविकोपार्जन कुखुरापालन व्यवसाय केवल उत्पादनमा मात्र सीमित छैन, यसले नेपालको बेरोजगारी समस्या समाधानमा पनि ठुलो गुन लगाएको सर्वेक्षणले देखाएको छ । सार्वजनिक प्रतिवेदनअनुसार देशभरका व्यावसायिक कुखुरा फर्महरूमा कुल ६३ हजार ८ सय ८१ जना व्यक्तिहरू प्रत्यक्ष रूपमा काम गरिरहेका छन् । यसमा ३७ हजार ३ सय ४७ जना पुरुष र २६ हजार ५ सय ३४ जना महिला आबद्ध छन् । यसमा व्यवसायमा संलग्न कुल जनशक्तिमध्ये ८१ प्रतिशत स्वरोजगार वा पारिवारिक श्रममा आधारित छन् । अर्थात् यस क्षेत्रले हजारौँ परिवारलाई आफ्नै घर-आँगनमा उद्यम गर्ने अवसर प्रदान गरेको छ । बाँकी १९ प्रतिशत मात्र तलबी कर्मचारीका रूपमा कार्यरत छन् । यसले कुखुरापालन क्षेत्रलाई एउटा भरपर्दो स्वरोजगारीको माध्यमका रूपमा स्थापित गरेको छ ।

**महिला उद्यमी र शिक्षित युवाहरूको आकर्षण :** नेपालको परम्परागत सोचलाई तोड्दै कुखुरापालन व्यवसायमा महिलाहरूको स्वामित्व र नेतृत्व उदाहरणीय रूपमा बढिरहेको छ । सर्वेक्षणअनुसार देशभरका कुल व्यावसायिक फर्महरूमध्ये २०.५ प्रतिशतको स्वामित्व महिलाहरूको हातमा छ । विशेषगरी कोशी र कर्णाली प्रदेशमा महिला उद्यमीहरूको उपस्थिति औसतभन्दा बढी देखिएको छ । सर्वेक्षण प्रतिवेदन अनुसार यो व्यवसाय अब लेखपढ नगरेकाहरूको मात्र पेसा रहेन । कुखुरापालनमा आबद्ध व्यवसायीहरूमध्ये ५२.२ प्रतिशतले माध्यमिक तह (कक्षा ९-१२) सम्मको शिक्षा हासिल गरेका छन् भने ९.४ प्रतिशत उद्यमीहरू स्नातक वा सोभन्दा माथिल्लो तह उत्तीर्ण गरेका छन् । शिक्षित युवाहरू यस क्षेत्रमा प्रवेश गर्दा आधुनिक प्रविधि, वैज्ञानिक पद्धति र व्यवस्थापकीय सीपको प्रयोग बढ्न थालेको छ, जसले उत्पादनको गुणस्तरमा समेत सुधार ल्याएको छ । चल्ला उत्पादनमा बागमतीको बर्चस्व नेपालमा कुखुरापालन व्यवसायलाई आवश्यक पर्ने चल्लाको उत्पादनमा मुलुक आत्मनिर्भरताको नजिक छ । देशभर १ सय १८ वटा व्यावसायिक ह्याचरीहरू सञ्चालनमा छन् । जसले वार्षिक २० करोडभन्दा बढी चल्लाहरू उत्पादन गर्छन् । चल्ला उत्पादनबाट मात्र वार्षिक १० अर्ब २२ करोड रुपैयाँको कारोबार हुने गरेको छ । तथ्याङ्कअनुसार उत्पादित चल्लामध्ये ७३ प्रतिशत ब्रोइलर जातका छन् भने बाँकी लेयर्स र अन्य जातका छन् । चल्ला उत्पादनको मुख्य केन्द्रका रूपमा पनि बागमती प्रदेश नै रहेको छ । जहाँबाट उत्पादित चल्लाहरू देशभरका अन्य प्रदेशहरूमा ढुवानी हुने गरेका छन् । कर्पोरेट हाउसको होइन, साना लगानकर्ताको भरमा व्यवसाय नेपालमा कुखुरापालन व्यवसाय व्यक्तिगत र साना लगानीकर्ताकै भरमा रहेको प्रतिवेदनले देखाएको छ । देशभरका ९८ प्रतिशतभन्दा बढी फर्म व्यक्तिगत वा पारिवारिक स्वामित्वमा सञ्चालित छन् । साझेदारीमा सञ्चालित फर्महरू केवल एक प्रतिशत छन् भने प्राइभेट लिमिटेड कम्पनीका रूपमा दर्ता भएका फर्महरूको सङ्ख्या एक प्रतिशतभन्दा कम छ । यसले ठुला कर्पोरेट घरानाहरू भन्दा पनि सर्वसाधारण किसानहरूको ठुलो लगानी र मिहिनेत यस क्षेत्रमा रहेको प्रष्ट पार्छ । व्यवसाय सञ्चालनका लागि पुँजीको जोहो गर्न ३७.३ प्रतिशत फर्महरूले विभिन्न वित्तीय संस्थाहरूबाट ऋण लिएका छन् । ऋण लिनेहरूमध्ये ७० प्रतिशतले बैंक तथा वित्तीय संस्थाबाट र २४ प्रतिशतले सहकारीहरूबाट कर्जा लिएका छन् । अझै पनि १० हजारभन्दा बढी फर्महरूले थप ऋणको आवश्यकता महसुस गरेका छन् । विशेषगरी खोर विस्तार र दाना खरिदका लागि पुँजी अभाव मुख्य चुनौतीका रूपमा छ ।

**रोग, बिमा र बजार अभाव**

उत्साहजनक तथ्याङ्कहरूका बिच कुखुरापालन व्यवसायमा थुप्रै गम्भीर चुनौती पनि देखिएका छन् । सर्वेक्षणले देखाएअनुसार ५१.२ प्रतिशत फर्म कुनै न कुनै प्रकारको रोगको प्रकोपबाट प्रभावित भएका छन् । कर्णाली प्रदेशमा त ९१ प्रतिशतभन्दा बढी फर्महरूमा क्षति पुगेको छ । रोगका कारण कुखुरा मर्दा किसानहरूले करोडौँको क्षति बेहोर्नुपरेको छ । यस्तो जोखिमबिच पनि बिमाको पहुँच भने अत्यन्तै दयनीय छ । देशभरका कुल फर्महरूमध्ये केवल ४.१ प्रतिशतले मात्र बिमा गरेका छन् । ९५ प्रतिशतभन्दा बढी किसान अझै पनि बिमाको दायरा बाहिरै रहनुले यो व्यवसायलाई अत्यधिक जोखिमपूर्ण बनाएको छ । बिमा गरेका किसानहरूले पनि दाबी भुक्तानी प्रक्रिया झन्झटिलो भएको गुनासो गर्ने गरेका छन् । अर्कोतर्फ ४५ प्रतिशत व्यवसायीहरूले बजारको अभावलाई आफ्नो मुख्य समस्याका रूपमा औँल्याएका छन् । उत्पादनको उचित मूल्य नपाउनु, बिचौलियाहरूको चलखेल र बजारमा हुने उतारचढावका कारण किसानहरू मारमा पर्ने गरेका छन् । सरकारले न्यूनतम समर्थन मूल्य तोक्न नसक्दा र बजार व्यवस्थापनमा ध्यान नदिँदा धेरै किसानहरू ऋणको बोझमा थिचिने र व्यवसायबाट पलायन हुने अवस्थामा पुगेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयको यो सर्वेक्षणले नेपालको कुखुरापालन क्षेत्रलाई एउटा ठुलो आर्थिक शक्तिका रूपमा चित्रण गरेको छ । सर्वेक्षण प्रतिवेदनले व्यवसायको दिगोपनका लागि राज्यले तत्काल केही कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ । व्यवसायीहरूले सहुलियत दरमा कर्जा, सहज बिमा प्रक्रिया, प्रभावकारी बजार व्यवस्थापन र दाना तथा चल्लाको गुणस्तर परीक्षणमा कडाइ गर्न माग गरेका छन् । *-रातोपाटी डटकम*

# हुरीका कारण केरामा क्षति



हुरीका कारण केराखेतीमा क्षति पुगेको छ । यही चैत २ गतेको हुरीले रु चार करोडभन्दा बढीको केरामा क्षति भएको प्रारम्भिक तथ्याङ्क आएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाइ चितवनका प्रमुख महेश रेग्मीका अनुसार बुधबार र बिहीबार दुई दिनसम्म केराखेतीमा क्षति पुगेका क्षेत्रहरुको अनुगमन गरिएको छ । सो क्रममा २० वटा फार्ममा अनुगमन गरिएको उनले बताए । हुरीले भरतपुर महानगरपालिकाको वडा नं ७ र २३, रत्ननगर नगरपालिका ५, १२ र १४, खैरहनी नगरपालिकाको वडा नं १३, कालिकाको वडा नं २ देखि ५ सम्मका क्षेत्रमा बढी क्षति पुऱ्याएको छ । रेग्मीका अनुसार बगानमा एक प्रतिशतदेखि ८८ प्रतिशतसम्म क्षति भएको देखिएको छ । उनले भने "एउटा फार्ममा ८८ प्रतिशत क्षति भएको पायौँ । सबैको अवस्था त्यस्तो छैन ।" हुरीले मालभोग केरामा ठूलो क्षति पुगेको छ । मालभोग केरामा ७८ प्रतिशत र जीनाइन केरामा २२ प्रतिशत क्षति भएको उहाँले जानकारी दिए । समग्रमा ४३ दशमलव ३५ प्रतिशत केरामा क्षति भएको उनले बताऐ । कार्यालयमा एक हजार ८०० हेक्टरमा लगाइएको केरा सूचीकृत गरिएको छ । केरा सुपरजोन चितवनका संयोजक विष्णुहरिले भने, "केराखेतीको बिमा सुरु हुने समय ढिलो हुने भएकाले पनि किसान मर्कामा परेका छन् ।" किसानले क्षतिपूर्तिसमेत पाउन कठिन हुँदा अझै समस्या हुने गरेको उनले बताए । उनकाअनुसार गत वर्षको क्षतिपूर्ति रकम अहिलेसम्म किसानले पाउन सकेका छैनन् । अहिलेको क्षतिपूर्ति त कहिले पाउने हो थाहा नभएको उनले बताए । अहिलेसम्म जिल्लामा केराखेती गरेका किसानले रु चार करोडको क्षतिपूर्ति माग गर्दै बिमा कम्पनीमा निवेदन बुझाएको उनले बताए । थप निवेदन आउने क्रममा रहेको र कतिपयले बिमा नगरेकाले यकीन तथ्याङ्क आउन समय लाग्ने बताए । चितवन केरा उत्पादक सैका अध्यक्ष घननाथ महतो यही चैत २ गते आएको हुरीका कारण जिल्लामा लगाइएको मालभोग केरामा ठूलो क्षति पुगेको छ । अहिले जिल्लामा दुई हजार हेक्टर क्षेत्रफलमा व्यावसायिक केराखेती हुँदै आएको छ । केरा सुपरजोनका रुपमा जिल्लामा काम हुँदै आएको बताउँदै उहाँले हुरीका कारण कति क्षत्रफलमा लगाइएको केरामा क्षति भयो भन्ने विषयमा सैले तथ्याङ्क सङ्कलन गरिरहेको बताए । *-रासस*


# लिलाम बढाबढको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८२/१२/८)*

कृषि विकास बैंक.लि तानसेन शाखामा रहेका बैंकको प्रयोजनमा नआएका तपशिल अनुसारका सामानहरु जे जस्तो अवस्थामा जहाँ छन् सोही अवस्थामा लिलाम बढाबढ गरी बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्मले तोकिएको दिन वा सो दिन बिदा परेमा त्यसको भोलीपल्ट कार्यालय खुलेको दिन तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि लिलाम बढाबढ हुने भाएकोले सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**लिलाम बिक्री गरिने सामानहरुको सक्षीप्त विवरण**

| क्र.स | सामानको विवरण | परिमाण |
|---|---|---|
| १ | फाइल क्याबिनेट स्टिल | थान ५ |
| २ | काठको दराज | थान ३ |
| ३ | दराज स्टिल ठुलो | थान ६ |
| ४ | दराज स्टिल सानो | थान १ |
| ५ | टेबल | थान ५ |
| ६ | काउन्टर तथा फर्निचर सामानहरु | विभिन्न |
| ७ | कम्प्यूटर, प्रिन्टर, मोनिटर, सर्वर, पङ्खा, स्टेपलाईजर, नोट काउन्टिङ मेसिन | विभिन्न |
| ८ | यु.पि.एस, ब्याट्री | विभिन्न |
| ९ | फ्याक्स, स्क्यानर, क्यामेरा, चेक राईटर आदी | विभिन्न |
| १० | अन्य विविध सम्पति | विभिन्न |

माथी उल्लेखीत सम्पूर्ण सामानहरुको न्युनतम लिलामी विकि मुल्य रु.२,५०,०००।- (दुई लाख पचास हजार रुपैयाँ मात्र) हुने छ ।

**सामान लिलाम हुने स्थान:** कृषि विकास बैंक लि.शाखा कार्यालय तानसेन पाल्पा ।

**लिलाम बढाबढ हुने मिति:** लिलाम बढाबढको सूचना दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १६ (सोहौँ) दिन र सो दिन बिदा परेमा बिदाको भोलीपल्ट ।

**लिलाम बढाबढ हुने समय:** दिनको ११:०० बजे देखि २:३० बजे सम्म

**शर्तहरु**

**१.** उपरोक्त अनुसारका कम्प्युटर, यू. पि. एस. प्रिन्टर, तथा अन्य सामानहरु तथा फर्निचर आदी सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा एकमुष्ठ उठाई लानुपर्ने छ ।

**२.** माथी उल्लेखीत सामानहरुको न्यूनतम मुल्यको १० प्रतिशत रकम धरौटी स्वरुप सोही दिनको ११ बजे देखि १२:३० बजे भित्रमा नगद जम्मा गर्नु पर्ने छ । धरौटी रकम सामान्यतया ३ (तीन) दिन पछि मात्र फिर्ता हुनेछ ।

**३.** लिलाम बढाबढ हुँदा आफूले सकार गरेको सम्पूर्ण रकम ७ (सात) दिन भित्र दाखिला गरी सकार गरिएका सम्पुर्ण सामानहरु उठाई लगी सक्नुपर्ने छ । तोकिएको अवधि भित्र उक्त सामानहरु नउठाए बैंक जवाफदेही हुने छैन ।

**४.** लिलाममा आफूले बोलेको रकममा बढी वोलवालालाई उक्त सामानहरु दिने वा नदिने अधिकार यस बैंकमा निहित रहने छ । साथै पहिलो बढी मुल्य रकम डाक बोल्ने व्यक्तिले उक्त सामानहरु तोकिएको समयावधि भित्र नलगेमा धरौटी बापत जम्मा गरेको रकम फिर्ता हुने छैन र दोस्रो बढी रकम डाक बोल्ने व्यक्ति/फर्मलाई नियमानुसार उक्त सामानहरु लैजान दिन सकिने छ ।

**५.** सो लिलाम गरिने सामानहरु हेर्न चाहेमा लिलाम बढाबढ हुने मितिको १ दिन अगाडि कार्यालय समय भित्र यस कार्यालयको परिसरमा आएर हेर्न सकिनेछ । साथै थप जानकारीको लागी कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**६.** लिलाम बिक्रि गरिने सामानहरुको विवरण यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ ।

**कृषि विकास बैंक.लि**
**तानसेन, पाल्पा**
**फोन नं ०७५-५२२५५०/५२०१४२,मो.९८५७०६५२५६**

# आज विश्व जल दिवस मनाइदैं




**पाल्पा,** चैत ७/आज विश्व जल दिवस मनाइदैं छ । हरेक वर्ष मार्च २२ को दिनलाई विश्व जल दिवसको रुपमा मनाइँदै आएको हो ।

नेपालमा यस वर्ष विभिन्न जनचेतनामूलक कार्यक्रमसहित विश्व जल दिवस मनाईदै छ । पानीमा रहेको पर्यावरणीय, सामाजिक र साँस्कृतिक महत्व बुझ्न र बुझाउन सम्बन्धी विभिन्न कार्यक्रमहरु हुने गर्छन् । अव्यवस्थित विकास निर्माणका कारण भविष्यमा पानीको संकट पर्न सक्ने भन्दै यस बारे सचेतना जगाउन सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा भएको संयुक्त पर्यावरण र विकासको संयुक्त राष्ट्र संघको भेलाले जल दिवस मनाउने घोषणा गरेको थियो । त्यस पछि सन् १९९३ देखि यो दिवस मनाउन थालिएको हो । विभिन्न अध्ययनका अनुसार पृथ्वीको झण्डै तीन चौथाई हिस्सा पानीले भरिएको छ । तर, यसमध्ये तीन प्रतिशत मात्रै पानी पिउन योग्य छ । विश्वमा पिउने पानीको समान वितरणमा चुनौती थपिदै गएको छ । विश्वकै जलस्रोतमा दोस्रो धनी देश भनिए पनि नेपालमा पिउने पानीको अभाव छ । पानीका मुहान र स्रोतको संरक्षण नहुँदा समस्या बढ्दो छ ।

## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

# विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

---

**खेलकुद समाचार**

## पीएम कपको खेलहरु वर्षाका कारण स्थगित, अङ्क बाँडियो



**काठमाडौं,** चैत ७/प्रधानमन्त्री कप (पीएम कप) एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको उद्घाटनका खेलहरु वर्षाका कारण स्थगित भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गरेको पीएम कपको उद्घाटन खेलहरु स्थगित भएपछि टोलीहरुले अङ्क बाँडेका छन् । प्रतियोगिताअन्तर्गत जनकपुरमा निर्धारित कोशी र मधेश प्रदेशको खेल शुरू हुनै सकेन भने वीरगञ्जमा निर्धारित कर्णाली र लुम्बिनी प्रदेशको खेल शुरू हुनेवित्तिकै रोकियो । लुम्बिनीले ७ ओभरमा २० रन बनाउँदा पानी परेपछि खेल रोकिएको हो । पानी परेर खेल रोकिएपछि सबै टोलीहरुले १/१ अङ्क पाएका छन् । यो प्रतियोगितामा ७ वटा प्रदेश र ३ वटा विभागीय टोली- नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल आर्मीगरी १० टोली सहभागी छन् । खेलहरु काठमाण्डौको मुलपानी क्रिकेट मैदान, मधेश प्रदेशको वीरगञ्ज र जनकपुरमा हुनेछन् । प्रतियोगिताको उपाधि विजेताले १० लाख रुपैयाँ र उपविजेता टोलीले ५ लाख रुपैयाँ पुरस्कार पाउने क्यानले जनाएको छ ।

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

---

**अर्थ/कर्पोरेट समाचार**

# बैङ्क तथा वित्तीय संस्था ३५ दिन बिदा हुने



**काठमाडौं,** चैत/आगामी वर्ष २०८३ मा बैङ्क तथा वित्तीय संस्था ३५ दिन बिदा हुने भएका छन् । नेपाल राष्ट्र बैङ्क मानव संसाधन व्यवस्थापन विभागमार्फत जारी सूचना नयाँ वर्ष, श्रमिक दिवस, बुद्धजयन्ती, गणतन्त्र दिवस, रक्षाबन्धन, गाईजात्रा, कृष्ण जन्माष्टमी, हरितालिका तिज, संविधान दिवस, इन्द्रजात्रा, दसैं, तिहार, छठ, ल्होसार, महाशिवरात्रि तथा फागुपूर्णिमा जस्ता प्रमुख चाडपर्वमा बैङ्क तथा वित्तीय संस्था बन्द हुने छन् । त्यस्तै केही बिदा क्षेत्र र समुदाय अनुसार फरक फरक रूपमा लागु हुने सार्वजनिक तालिकामा उल्लेख छ । इन्द्रजात्रा काठमाडौं उपत्यकामा मात्र लागु हुने छ भने तिज र जितियापर्व महिलाका लागि विशेष बिदाका रूपमा तोकिएका छन् । विभिन्न धार्मिक समुदायका चाडपर्वमा सम्बन्धित समूहलाई मात्र बिदा दिइने व्यवस्था गरिएको राष्ट्र बैङ्कले जनाएको छ । मौसम अनुसार कार्यालय समय पनि फरक फरक निर्धारण गरेको राष्ट्र बैङ्कले वैशाख १ देखि कात्तिक १५ र माघ १६ देखि चैत मसान्तसम्म आइतबारदेखि बिहीबारसम्म बिहान १० बजेदेखि साँझ ५ बजेसम्म कार्यालय खुल्ने जनाएको छ । यस्तै कात्तिक १६ देखि माघ १५ सम्म भने बिहान १० बजेदेखि साँझ ४ बजेसम्म कार्यालय सञ्चालन हुने जारी सूचनामा उल्लेख छ । हरेक शुक्रबार बैङ्क कार्यालय बिहान १० बजेदेखि दिउँसो १:३० बजेसम्म मात्र खुल्ने र शनिबार पूर्ण बिदा रहने छन् ।

नेपाल सरकारले घोषणा गर्ने अतिरिक्त सार्वजनिक बिदामा पनि बैङ्क बन्द रहने तथा नगद भुक्तानी, आरटिजिएस, इसिसीलगायतका अत्यावश्यक बैङ्किङ सेवा भने निरन्तर सञ्चालनमा रहने राष्ट्र बैङ्कले जनाएको छ । प्रदेश सरकारले घोषणा गर्ने बिदा अनुसार सम्बन्धित प्रदेशका कार्यालय अधिकतम छ दिनसम्म बन्द गर्न सकिने व्यवस्था गरिएको छ भने सोभन्दा बढी बिदा भएमा गृह मन्त्रालयको निर्णय अनुसार कार्यान्वयन हुने राष्ट्र बैङ्कले जनाएको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई